# प्रतापपुर गाउँकार्यपालिकाको कार्यालय

प्रतापपुर-९,नवलपरासी(ब.सु.प.)

# शिक्षक अनुदान कार्यविधि-२०७५मा

## २०७६/०६/१० पहिलो संशोधन

# प्रतापपुर गाउँ कार्यपालिकाको कार्यालय,प्रतापपुर,नवलपरासी(ब.सु.प.)

# शिक्षक अनुदान कार्यविधि-२०७५

प्रस्तावना :

सबै वर्ग र समुदायका व्यक्तिहरुको सुविधालाई ध्यानमा राखी शिक्षालाई सर्वशुलभ,व्यवस्थित,मर्यादित एवं स्थानीय स्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले यस गाउँपालिका भित्रका मा.वि.र आधारभूत(नि.मा.वि.) तह संचालित शुन्य र न्यून एक (१) दरबन्दी भएका विद्यालयहरुको पठन पाठनमा सहयोग पु¬याउन आश्यक देखिएकोले दरबन्दी सृजना,पदपूर्ति र परिचालन गर्नका लागि शिक्षक अनुदान कार्यविधि-२०७५ जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम शिक्षक अनुदान कार्यविधि २०७५ रहने छ ।

ख. शिक्षक अनुदान कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. "कार्यविधि" भन्नाले शिक्षक अनुदान कार्यविधि २०७५ सम्झनुपर्छ ।

ख. "मा.वि." भन्नाले ९-१०/९-१२ संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

ग. "आधार भूत (नि.मा.वि.)" भन्नाले ६-८ सम्म संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

घ. "व्यस्थापन समिति" भन्नाले विद्यालयको विकासको लागि नियमानुसार गठन भएको वि.व्य.स.(SMC)लाई सम्झनुपर्छ ।

ङ "शि.अ.संघ" भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघ(PTA)लाई सम्झनुपर्छ ।

च. "सामाजिक परीक्षण समिति" भन्नाले विद्यालयको सम्पूर्ण पक्षको आन्तरिक परीक्षण गर्न नियमानुसार गठन भएको सा.प.स.(SAC)लाई सम्झनुपर्छ ।

छ. "प्र.अ." भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

ज. "शिक्षक" भन्नाले विद्यालयमा प्रा.वि.तह देखि मा.वि. तह सम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले प्र.अ. समेतलाई जनाउँछ ।

झ. "गा.पा." भन्नाले प्रतापपुर गाउँपालिकालाई सम्झनुपर्छ ।



राजकुमार शर्मा
अध्यक्ष

ञ. "कर्मचारी" भन्नाले विद्यालयलाई शिक्षा विकास तथा समन्वय इकाई(जि.शि.का.) न.प.बाट प्राप्त दरबन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरबन्दी सिर्जना गरी कार्यरत लेखापाल, कार्यालय सहायक,कार्यालय सहयोगी, लाइब्रेरियन,चौकीदार र स्वीपर (शौचालय सफाइकर्मी)लाई सम्झनुपर्छ ।

ट. "अभिभावक" भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराइ नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावलीनुसार पालनपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

ठ. "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका,शिक्षा विकास तथा समन्वय इकाई,क्षे.शि.नि., शिक्षा विभाग र मन्त्रालयलाई प्रसंग अनुसार सम्झनुपर्छ ।

ड अन्य शब्द,नामावली र पदको अर्थ प्रचलित ऐन,कानुन र नियमानुसार रहेको सम्झनुपर्छ ।

**३. उद्देश्य :** प्रतापपुर गाउँपालिका भित्रका मा.वि.र आधारभूत(नि.मा.वि.) तह संचालित शुन्य र न्यून एक (१) दरबन्दी भएका विद्यालयहरुको पठन पाठनलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि सहयोग पु¥याउन आवश्यक देखिएकोले दरबन्दी सृजना, दक्ष,योग्य शिक्षक छनौट गर्न,सेवा,सर्त,सुविधा,काम कर्तव्य,अधिकार र सजाय सम्बन्धी कार्यहरु गर्ने उद्देश्यले शिक्षक अनुदान कार्यविधि-२०७५ निर्माण गरिएको छ ।

## परिच्छेद-२

## शिक्षक अनुदान, दरबन्दी र शैक्षिक योग्यता

**४. शिक्षक अनुदान :** प्रतापपुर गाउँपालिकले शिक्षक अनुदानको लागि छुटयाइएको रकम निम्नानुसार वितरण गरिनेछ ।

**क)** मा.वि.तह संचालित विद्यालयहरु मध्ये शुन्य दरबन्दी एवं शिक्षक अनुदान नपाएका विद्यालयलाई २ (दुई) जना शिक्षकका लागि अनुदान ।

**ख)** मा.वि.तह संचालित विद्यालयहरु मध्ये १(एक) दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई १ (एक) जना शिक्षकका लागि अनुदान ।

**ग)** आधार भूत तह (नि.मा.वि.) कक्षा ६-८ संचालित विद्यालयहरु मध्ये शुन्य दरबन्दी एवं शिक्षक अनुदान नपाएका विद्यालयलाई २ (दुई) जना शिक्षकका लागि अनुदान ।

**घ)** आधार भूत तह (नि.मा.वि.) कक्षा ६-८ संचालित विद्यालयहरु मध्ये १(एक) दरबन्दी वा शिक्षक अनुदान पाएका विद्यालयलाई १ (एक) जना शिक्षकका लागि अनुदान ।

**ङ)** आधार भूत तह (नि.मा.वि.) कक्षा ६-८ संचालित विद्यालयहरुमा प्रा.वि.तहको ५(पाँच) भन्दा बढी शिक्षक दरबन्दी भएको विद्यालयलाई १ (एक) जना शिक्षकका लागि अनुदान ।

राजकुमार शर्मा
अध्यक्ष

च) विद्यालयहरुको छनौट गर्दा तह अनुसार कम्तीमा ५० जना र पुरै तह संचालन नभएको विद्यालयको हकमा एउटा कक्षामा २० जना विद्यार्थी भएको हुनु पर्छ र त्यस्तो विद्यालयले सम्बन्धित तहको १(एक) जना शिक्षकका लागि अनुदान ।

छ) शिक्षक अनुदानको लागि गाउँपालिकाले छुटयाएको रकमलाई तह ,संख्या ,विद्यालयहरुको छनौट र रकम समेतको निर्धारण गाउँ शिक्षा समितिको बैठकबाट गरिनेछ ।

५. **दरबन्दी** : प्रतापपुर गाउँपालिकाबाट प्राप्त हुने शिक्षक अनुदान प्राप्त हुन्जेल सम्मको लागि विद्यालयहरुले शिक्षकको दरबन्दी सिर्जना गर्न सक्नेछन् ।

६. **शैक्षिक योग्यता :**

क. शिक्षा नियमावली २०५९ बमोजिम हुने ।

७. **उम्मेदवारको अयोग्यता :** देहायका व्यक्तिहरु शिक्षकको पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्नेछैनन् :-

क. गैरनेपाली नागरिक,

ख. १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघेको,

ग. मगज बिग्रेको,

घ.नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

ङ भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

च. सम्बन्धित तहको लागि योग्यता नपुगेको व्यक्ति,

छ. अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको व्यक्ति

*"तर आधारभूत तह (६-८) को हकमा विज्ञान र कम्प्युटर विषय तथा मा.वि.तहको हकमा अंग्रेजी,गणित,विज्ञान र कम्प्युटर विषयको अध्यापन अनुमति पत्र र तालिम प्राप्त गरेको व्यक्ति दरखास्त नदिएको खण्डमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको शैक्षिक योग्यता पुगेको व्यक्ति पनि उम्मेदवार हुन योग्य हुने ।" (पहिलो संसोधन)*

## शिक्षकहरुको पदपूर्ति,नियुक्ति र काम कर्तव्य

८. पदपूर्ति : गाउँपालिकाबाट शिक्षक अनुदानको रकम र संख्याको पत्र प्राप्त भए पछि सम्बन्धित विद्यालयले अंग्रेजी, विज्ञान र गणित मध्ये आफ्नो आवश्यकतानुसार विषयको शिक्षक पद खुल्ला प्रतियोगिताबाट निम्नानुसारको प्रक्रिया पुऱ्याइ छनौट गर्नु पर्नेछ ।

१. विद्यालयलाई आवश्यक पर्ने शिक्षकहरुको लागि पद संख्या,आवश्यक योग्यता,उमेर,परीक्षा हुने मिति,किसिम,स्थान सहितको विवरण खुलाई कम्तीमा १५ (पन्द्र) दिनको म्याद राखी बिद्यालयले बिज्ञापन

सबैले थाहा पाउने गरी विद्यालय,स्थानीय तह ,स्थानीय तहको शिक्षा शाखा ,शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

२. उपनियम १ बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानविन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र परीक्षामा सामेल गराई सफल उम्मेदवारको छनौट गरिनेछ ।

३. विद्यालयमा गाउँपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ ।

क. वि.व्य.स.को अध्यक्ष वा निजले तोकेको सो समितिका सदस्य :- अध्यक्ष

ख. सम्बन्धित क्षेत्रको वि.नि.वा शिक्षा विकास तथा समन्वय इकाईले तोकेको अधिकृत :- सदस्य १ जना

ग. गाउँपालिका अध्यक्षले शिक्षा शाखाको सिफासिरमा तोकेको सम्बन्धित विषयको विषय विशेषज्ञ :- सदस्य २ जना ।

घ. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी :- सदस्य १ जना ।

ङ स्थानीय तहको स्रोत व्यक्ति :- सदस्य १ जना ।

च. सम्बन्धित विद्यालयको प्र.अ.वा निजले तोकेको शिक्षक :- सदस्य सचिव १ जना

४. उपनियम ३ बमोजिम गठीत शिक्षक छनौट समितिको पदावधि सम्बन्धित पदको पूर्ति भएपछि स्वतः समाप्त हुनेछ ।

५. शिक्षक छनौट समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. शिक्षक सेवा आयोगले निर्धारण गरेको पठ्यक्रम अनुसार नै लिखित र अन्तरवार्ताको परीक्षाको प्रश्न पत्र तयार गर्ने ।

ख. शिक्षक छनौट गर्नको लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

ग. लिखित परीक्षाको नतिजा शिक्षक सेवा आयोग अनुसार प्रकाशित गर्ने ।

घ. सफल उम्मेदवारको नामावली प्रकाशन र नियुक्तिको लागि वि.व्य.स.लाई सिफारिस गर्ने ।

ङ. शिक्षकको सेवा सर्त र सुविधा सम्बन्धि विषयमा गा.पा./वि.व्य.स.लाई सुझाव दिने ।

च. सफल र बैकल्पिक उम्मेदवारहरुको जानकारी स्थानीय तहको शिक्षा शाखालाई गराउनु पर्नेछ ।

**९. नियुक्ति :** गाउँपालिकाको अनुदानबाट शिक्षकहरुको नियुक्ति निम्न प्रक्रिया अनुसार गरिनेछ ।

क. शिक्षक छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई वि.व्य.स.को निर्णयानुसार एक पटकमा एक आ.बा.वर्षको लागि करारको रुपमा प्र.अ.ले नियुक्ति गर्नु पर्नेछ ।

राजकुमार शर्मा
अध्यक्ष

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.)

राजकुमार शर्मा
अध्यक्ष

ख. गाउँपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएको खण्डमा एक पटकमा एक आ.ब.वर्ष नबढाई नियुक्तिको म्याद थप गर्न सकिनेछ ।

ग. सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र नियुक्ति लिई सक्नु पर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई स्थानीय तहको शिक्षा शाखाको सिफारिसमा अवसर दिइनेछ ।

घ. सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले नियुक्ति नगरेको खण्डमा त्यस्ता विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई गाउँ शिक्षा समितिको निर्णयानुसार दिइनेछ ।

ङ. परीक्षण अवधि ६ (छ) महिनाको हुनेछ ।

**१०. काम कर्तव्य : गाउँपालिकको अनुदानबाट** नियुक्त भएका शिक्षकहरुको काम कर्तव्य निम्नानुसार हुनेछ ।

क. विद्यालयमा नियमिति रुपमा हाजिर भई अध्यापन गर्ने ।

ख. विद्यालयले तोकेको अन्य कार्यहरु जिम्मेवारीका साथ गर्ने गराउने

ग. प्रधानाध्यापकको निर्देशन अनुसारको कामकाज गर्नु पर्ने ।

घ. विद्यालयको भौतिक सम्पत्तिको संरक्षणमा सहयोग गर्ने ।

ङ. विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने ।

च. विद्यालयका गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन ।

छ. आफ्नो जिम्मेवारी अनुसारको कार्य विदाको दिनमा पनि गर्नुपर्ने ।

ज. यसमा उल्लेख नभएका कार्यहरु शिक्षा ऐन र शिक्षा नियमावली २०५९ अनुसार गर्ने गराउने ।

## परिच्छेद-४

## तलब भत्ता,विदा र काज

**११. तलब भत्ता :**

क. गाउँपालिकाको अनुदानबाट नियुक्त भए शिक्षकले गाउँपालिकाले तोके अनुसारको तलब भत्ता मासिक वा चौमसिक रुपमा पाउनेछन ।

ख. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले १ महिनाको तलब बराबरको रकम चाँडपर्व खर्च वापत पाउनेछन् ।

राजकुमार शर्मा
अध्यक्ष

१२. विदा :

क. शिक्षकले वर्ष भरीमा भैपरि ६ दिन,पर्व ६ दिन,बिरामी १२ दिन र क्रिया विदा शिक्षा नियमावलीनुसार १५ दिन तथा *सुत्केरी विदा अघि वा पछि ६० दिन र प्रसूति स्याहार बिदा १५ दिन सेवा अवधि भरिमा २ पटक पाउनेछन* ।

ख. विदामा बस्नु पर्दा विदा पूर्व स्वीकृत गराउनु पर्नेछ ।

ग. विरामी विदा जति भए पनि संचित गर्न सकिनेछ तर सो वापतको रकम पाइने छैन ।

घ. विदा सहुलियत हो अधिकार होइन ।

१३. काज :

क.विद्यालयमा कार्यरत शिक्षकले विद्यालयको कामले प्र.अ.को अनुमति लिई १ (एक) हप्ता सम्म काजमा जान सक्नेछन् ।

ख. काजमा जाँदा आवश्यकतानुसार सुविधा विद्यालयको निर्णय बमोजिम उपलब्ध गराउन सक्नेछ ।

ग. अनुदानबाट नियुक्त शिक्षकलाई आवश्कतानुसार गा.पा./शिक्षा शखाले काजमा खटाउन सक्नेछ ।

## परिच्छेद-५

## शिक्षकको आचारसंहिता

**१४.आचारसंहिता :**गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले तपसिल अनुसारको आचारसंहिता पालना गर्नु पर्नेछ

क. नियमित रुपमा प्रत्येक दिन विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने ।

ख. विद्यार्थी र शिक्षक बिच मित्रवत रुपमा व्यवहार कायम गर्ने ।

ग. आफ्नो पेशा प्रति इमान्दारिता साथ विद्यालयको चौतर्फी विकासमा जोड दिने ।

घ. जुन सुकै परिस्थितीमा पनि विद्यालयका गोप्य हुनु पर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइने छैन ।

ङ पद अनुसारको आचरण पालना गरेको हुनु पर्दछ ।

च. विद्यालयको हित विपरीत कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने,ताला बन्दी गर्ने,शारीरिक तथा मानसिक दबाव दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन समेत पाइने छैन ।

छ. मादक पदार्थ सेवन गरी विद्यालय भित्र प्रवेश गर्न पाइने छैन ।

ज. आर्थिक अनुशासन भित्र रहनु पर्नेछ ।

झ. विदामा बस्दा विदा स्वीकृत गराएर मात्र बस्न पाइनेछ ।

ञ. शिक्षक कर्मचारीले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचारसंहिताको हकमा शिक्षा नियमावली २०५९ र शिक्षा ऐन २०२८ ले निर्दिष्ट गरेको आचारसंहिताको पालना गरेको हुनु पर्नेछ ।

राजकुमार शर्मा
अध्यक्ष

परिच्छेद-६

## सजाय सम्बन्धी व्यवस्था

१५. **सजाय** :उचित र पर्याप्त कारण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ।

क. नसिहत दिने।

ख. तलब रोक्का गर्ने।

ग. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने।

घ. निश्चित समयको लागि निलम्बन गर्ने।

ङ. सेवाबाट हटाउने वा बर्खास्त गर्ने।

१६. **नसिहत दिने** : शिक्षकले विद्यालयमा आउने,जिम्मा दिएको काम समयमा नगर्ने र जाने समय पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ।

१७. **तलब रोक्का गर्ने** : देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकको तलब रोक्का गर्न सकिनेछ।

क. अनुशासनहीन काम गरेमा।

ख. बारम्बार विद्यालयले दिएको निर्देशन *पालना* नगरेमा।

ग. बारम्बार विना सूचना विद्यालयमा अनुपस्थित रहेमा।

घ. विद्यालयको काम समयमा सम्पन्न नगरेमा।

ङ. विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश *पालना* नगरेमा।

च. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा।

छ. मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेमा।

ज. विद्यालयको गोपनियता भंग गरेमा।

झ.यस कार्यविधिमा उल्लेखित आचारसंहिताको पालना नगरेमा।

१८. **आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने** : गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकले जानाजानी लापरवाही गरी प्रचलित कानुन उल्लङ्घन गरी विद्यालयलाई कुनै हानि-नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंसिक वा पूरा निजकै तलबबाट कट्टा गरी असुल उपर गरिनेछ एवं तलबबाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ।

राजकुमार शर्मा
अध्यक्ष

राजकुमार शर्मा
अध्यक्ष

१९. **निश्चित समयको लागि निलम्बन गर्ने** : गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

२०. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने** :

१. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

ख. मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेको कुरा प्रमाणित भएमा ।

ग. विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक कार्य रोकिने गरी ७ (सात) दिन सम्म अनुपस्थितको कारणले गयल भएमा ।

घ. विद्यालयलाई हानी नोक्सानी हुने गरी कार्य बारम्बार गरेमा ।

ङ. पदीय रुपमा विद्यालयको गोपनियता भंग गरेमा ।

च. अनुशासन तथा आचरण सम्बन्धित व्यवस्था बारम्बार उल्लघंन गरेमा ।

छ. नैतिक पतन देखिने गरी कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा ।

ज. मगज विग्रेमा ।

झ. विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा ।

२. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ ।

क. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

ख. भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा ।

ग. नोकरी पाउने उद्देश्यले जाली प्रमाण पत्र पेश गरेमा ।

२१. **सजाय सम्बन्धी** :

क. सजाय दिन पाउने अधिकारीले गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनु भन्दा अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाकाट बञ्चित गरिने छैन । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नुपर्नेछ ।

२२. **सजाय गर्ने अधिकारी** : गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन् ।

क. आफूभन्दा मुनिका शिक्षकलाई चेतावनी दिने कार्य शाखा प्रमुखले गर्न सक्नेछन् ।



राजकुमार शर्मा
अध्यक्ष

ख. शिक्षकलाई चेतवनी दिने, नसिहत दिने,गयल कट्टा गर्ने प्रधानाध्यापक ।

ग. शिक्षकको तलब रोक्का गर्ने तथा सेवाबाट हटाउन वा बर्खास्त गर्न वि.व्य.स.को सिफारिसमा गा.पा. ।

## परिच्छेद-७

## विविध

**२३. गाउँपालिकाबाट गरिने शिक्षकको पदपूर्ति र नियुक्ति प्रकृया :**

१. शिक्षकको पदपूर्ति र नियुक्ति कुनै कारण बस परिच्छेद-३ मा भएको व्यवस्थानुसार पहिलो पटक हुन नसकेको अवस्था भएको खण्डामा तपसिल अनुसारको प्रकृया पूरा गरि गाउँपालिकाले अनुदानकोटा पाएका विद्यालयहरुले पहिला गरेको अंग्रेजी, विज्ञान र गणित विषयको विज्ञापनको आधारमा एवं पछि थप हुने अनुदानकोटाको हकमा सम्बन्धित विद्यालयको आवश्यकता यकिन गरि शिक्षकहरुको खुल्ला प्रतियोगिताबाट निम्नानुसारको प्रक्रिया पुऱ्याइ छनौट गर्नेछ ।

२. विषय,पद संख्या,आवश्यक योग्यता,उमेर,परीक्षा हुने मिति,किसिम,स्थान र काम गर्ने विद्यालयको नाम सहितको विवरण खुलाई *पहिलो पटक १० (दश) दिन र दोस्रो पटक ५ (पाँच) दिनको* म्याद राखी गाउँपालिकाले विज्ञापन सबैले थाहा पाउने गरी सम्बन्धित विद्यालय,स्थानीय तह ,स्थानीय तहको शिक्षा शाखा ,शिक्षा विकास तथा समन्वय इकाईमा विज्ञापन टाँस गर्नु पर्नेछ । *(पहिलो संसोधन)*

३. उपनियम २ बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानविन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र परीक्षामा सामेल गराई सफल उम्मेदवारको छनौट गरिनेछ ।

**४. गाउँपालिकाको अनुदानकोटाबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ ।**

क. गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य :- अध्यक्ष

ख. गाउँपालिका अध्यक्षले शिक्षा शाखाको सिफासिरमा तोकेको सम्बन्धित विषयको विषय विशेषज्ञ :- सदस्य २ जना ।

ग. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी :- सदस्य १ जना ।

*घ. गाउँपालिका शिक्षा शाखाको प्रमुख :- सदस्य सचिव १ जना । (पहिलो संसोधन)*

५. उपनियम ४ बमोजिम गठीत शिक्षक छनौट समितिको पदावधि सम्बन्धित पदको पूर्ति भएपछि स्वतः समाप्त हुनेछ ।

६. शिक्षक छनौट समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

राजकुमार शर्मा
अध्यक्ष

क. शिक्षक सेवा आयोगले निर्धारण गरेको पठ्यक्रम अनुसार नै लिखित र अन्तरवार्ताको परीक्षाको प्रश्न पत्र तयार गर्ने ।

ख. शिक्षक छनौट गर्नको लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

ग. लिखित परीक्षाको नतिजा शिक्षक सेवा आयोग अनुसार प्रकाशित गर्ने ।

घ. सफल उम्मेदवारको नामावली प्रकाशन गर्ने ।

**७.नियुक्ति :** गाउँपालिकाको अनुदानबाट छनौट भएका शिक्षकहरुको नियुक्ति निम्न प्रक्रिया अनुसार गरिनेछ ।

क. शिक्षा शाखाले सफल उम्मेदवारहरुलाई रोलक्रमानुसार विद्यालय छनौट गर्न लगाई एक पटकमा एक आ.बा.वर्षको लागि करारको रुपमा नियुक्ति गर्नका लागि सम्बन्धित विद्यालयलाई सिफारिस गर्ने ।

ख. सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको सिफारिसको लागि सूचना प्रकाशित भएको ३ (तीन) दिन भित्र शिक्षा शाखाबाट सिफारिस पत्र लिई सक्नु पर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई अवसर दिइनेछ

ग. सम्बन्धित विद्यालयले शिक्षकलाई नियुक्ति र करार सम्झौता गरि हाजिर गराई शिक्षा शाखालाई जानकारी दिनु पर्नेछ ।

घ. शिक्षा शाखाले सिफारिस गरेको शिक्षकलाई सम्बन्धित विद्यालयले नियुक्ति गरि **हाजिर नगराएको** खण्डमा त्यस्ता विद्यालयमा सिफारिस भएका शिक्षकलाई आवश्यकताको आधारमा अन्य विद्यालयलाई गाउँ शिक्षा समितिको निर्णयानुसार सिफारिस गरिनेछ ।

ङ. गाउँपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएको खण्डमा एक पटकमा एक आ.ब.वर्ष नबढाई नियुक्तिको म्याद सम्बन्धित विद्यालयले थप गर्न सकिनेछ ।

च. परीक्षण काल अवधि ६ (छ) महिनाको हुनेछ ।

*ज. मा सम्बन्धित तह,पद र विषयको लागि छनौट भएको उम्मेदवारले कुनै करण बस पद छोडेमा सो तह,पद र विषयको बैकल्पिकको रुपमा छनौट भएका मध्ये योग्यता क्रमको आधारमा सम्बन्धित विद्यालयलाई गा.पा.को शिक्षा शाखाबाट नियुक्तिको लागि सिफारिस गरिनेछ ।*

*झ.सम्बन्धित तह,पद र विषयको लागि बैकल्पिकको रुपमा छनौट भएका उम्मेदवारहरु नभएको खण्डमा माथिल्लो तहको बैकल्पिक उमेदवारहरुलाई निजको निवेदनको आधारमा विषय मिल्ने भए आधारभूत तह (६-८) मा तथा प्रा.वि.तह समेतमा योग्यता क्रमको आधारमा सम्बन्धित विद्यालयलाई गा.पा.को शिक्षा शाखाबाट नियुक्तिको लागि सिफारिस गरिनेछ ।*

*ञ.बैकल्पिक उम्मेदवारहरु सोही आर्थिक वर्षको हुनु पर्नेछ । ( थप गरिएको)*



राजकुमार शर्मा
अध्यक्ष

२४. विविध :

८. यस शिक्षक अनुदान कार्यविधि २०७५ मा समयानुसार थपघट गर्ने अधिकार गा.पा.मा रहनेछ ।

९. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यकतानुसार गाउँपालिकाले निरन्तरता दिन सक्नेछ ।

१०. यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा आवश्यक परेको खण्डमा शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार हुनेछ ।

प्रमाणित गर्ने : *शिक्षक अनुदान कार्यविधि २०७५ लाई प्रतापपुर गाउँकार्यपालिकका बाट मिति २०७६/०६/१० गते दिन पहिलो संशोधन र थप भएको व्यहोरा प्रमाणित गर्दछु ।*

हस्ताक्षर :

नाम : श्री राजकुमार शर्मा

पद : अध्यक्ष

प्रतापपुर गाउँपालिका,नवलपरासी